# दशरथचन्द नगरपालीका

## बैतडी

**नगरपालीका/विद्यालय/संघसंस्थाको लागि आचार संहिता**

- प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बाबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने छौ ।
- विद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउनेछौं ।
- विद्यालयमा छुवाछुतको भावना गर्नेछैनौ ।
- बालबालिका तथा अभिभावकलाई बालक्लवको महत्वबारे सचेत गराउनेछौं ।
- घर परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्नेछौ ।
- बालबालिकाहरु माथी गरिने हिंसा, दुर्व्यवहार, बाश्रम शोषण रोक्न सचेतना फैलाउने छौं ।
- बालअधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धी सचेत गराउने ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै प्रत्येक संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौं ।
- नगरपालीका क्षेत्र भित्रका बालबालिकलाई वडा नागरिक मञ्च, एकिकृत योजना तर्जुमा समिति र सहभागीतात्मक सुनिश्चितता गर्नेछौ ।
- सार्वजनिक स्थानमा बाश्रमको अवस्था रहन नदिनुका साथै वालविवाह र वालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहनेछौं ।
- समुदायमा बालस्वस्थ्य सम्बन्धि सचेतना जगाउनुको साथै व्यक्तिगत सरसफाई र पोषण सम्बन्धी जानकारी गराउनेछौं ।
- धुम्रपान, मद्यपान, सुर्ती जन्य सामाग्रीहरु खरिद तथा विक्रि गर्न बालबालिकालाई नलगाउनको लागि सचेत गराउनेछौं ।

- बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्नेछौं ।
- बाल सूचना केन्द्रको स्थापना गर्नेछौं ।
- विद्यालय व्यवस्थापन समिति, बालक्लव तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई सहभागी गराउनका लागि सहयोग गर्नेछौं ।
- सुलभ तथा बालमैत्री शौचालय निर्माणका लागि सचेतना फैलाउनेछौं ।
- स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै सरसफाइ सम्बन्धी सचेतना जगाउनेछौं ।
- पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बाबालिकालाई सचेत गराउनेछौं ।
- घरवाट बाहिर निस्किदा बालबालिकामाथि हुन सक्ने दुर्व्यवहार र त्यसवाट बच्ने उपायबारे सचेत गराउनेछौं ।
- विद्यालय भर्ना अभियान, खोप अभियन, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्नेछौं ।
- बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछौं ।
- बामैत्री स्थानिय शासन अभियानको सफलताका लागि पूर्ण रुपमा समर्पित हुनेछौं ।